# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ३ संख्या ८ माघ १७ गते, २०७६ साल**

# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७६ सालको कार्यविधि नं. ८

## विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७६

मादी गाउँपालिका भित्र रहेका विद्यालयहरुमा आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा १८ बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गर्नको लागि वास्तविक अभिभावकहरुको विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व गराई विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, सामाजिक तथा समग्र गतिविधिहरुमा थप प्रभावकारीता र गुणस्तरीयता कायम गर्ने उद्देश्यले मादी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७६/१०/१७ को बैठकबाट मादी गाउँपालिका विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७६ स्वीकृत गरी लागू गरिएको छ ।



मादी गाउँपालिका कास्की

## परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि, २०७६ हुनेछ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाले निर्णय गरेका मितिदेखि गाउँपालिका भित्रका सबै विद्यालयहरुमा लागू हुनेछ ।

३. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :**

क) "शिक्षा ऐन" भन्नाले मादी गाउँपालिका शिक्षा ऐन २०७५ सम्झनुपर्छ ।

ख) "विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि २०७६" भन्नाले आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा १८ को आधारमा बनाएको कार्यविधि सम्झनु पर्दछ ।

ग) "अभिभावक" भन्नाले विद्यार्थीका बाबु, आमा, दाजु भाइ दिदी बहिनी, बाजे बज्यै वा विद्यार्थीको पालनपोषण र पठनपाठनको व्यवस्था मिलाउने व्यक्ति भए तापनि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको छनौट गर्ने प्रयोजनका लागि विद्यार्थीको बुबा, आमा, बाजे, बज्यै तथा सहोदर दाजु वा दिदी मात्र अभिभावक मानिने छ ।

घ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराउने शैक्षिक सत्रको वैशाख १ गतेदेखि चैत्र समान्तसम्मको वार्षिक अवधि सम्झनु पर्छ ।

ङ) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १८ अनुसार गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

च) "विद्यालय" भन्नाले सामुदायिक, सामुदायिक शैक्षिक गुठी र संस्थागत सबैलाई बुझिनेछ ।

छ) "सहयोग समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति गठनका लागि गठित समिति भन्ने बुझ्नुपर्छ । जसमा संयोजक सहित सदस्यहरुलाई समेत बुझ्नुपर्छ ।

ज) "विद्यालय व्यवस्थापन समिति गठन" भन्नाले अभिभावकहरुको आम सहमति भएको खण्डमा अभिभावकहरुको छनौटमा र सो नभएको खण्डमा मतदान प्रक्रियाबाट आएको नतिजालाई बुझिनेछ ।

## परिच्छेद २

## विद्यालय व्यवस्थापन समितिको गठन विधि

४. सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति

मादी गाउँपालिका, कास्की

रहनेछ ।

क) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित ३ जना
सदस्य

ख) विद्यालय रहेको वडाको वडा अध्यक्षले तोकी पठाएको एक जना
सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको कम्तीमा १ जना महिला सहित ३ जना
सदस्य

घ) विद्यालयका शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको एकजना
सदस्य

ङ) प्रधानाध्यापक
सदस्य सचिव

५. विद्यालय रहेको वडाको वडा अध्यक्ष विद्यालयको प्रमुख संरक्षक रहनेछन् ।

६. प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विषयको व्यवस्थापन समितिमा गाउँपालिका वा प्रादेशिक स्तरमा उद्योग वाणिज्य संघ वा गाउँपालिकामा उपलब्ध ख्यातीप्राप्त प्राविधिकहरु मध्येबाट दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

७. विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य हुनेछन् ।

## परिच्छेद ३

## विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य छनौट सम्बन्धी व्यवस्था

८. प्रधानाध्यापकले ऐनको दफा १८ बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनौट गर्ने प्रयोजनका लागि शैक्षिक सत्र शुरु भएको ३० दिनभित्र कम्तीमा ७ दिनको सूचना दिई अभिभावकहरुको भेला गराउनु पर्नेछ ।

मादी गाउँपालिका, कास्की

तर निर्धारित पदावधि समाप्त भएको कारणले अध्यक्ष वा सदस्य छनौट गर्ने प्रयोजनका लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा कम्तीमा ३० दिन अगावै र अन्य अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएमा पदपूर्ति गर्नका लागि त्यसरी रिक्त भएको १५ दिन भित्र अभिभावकहरुको भेला गराउनु पर्नेछ ।

९. दफा (८) बमोजिम अभिभावकलाई भेला गराउनु तीन दिन अघि दफा (३) उपदफा (ग) बमोजिमको समितिले अभिभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नुपर्नेछ ।

१०. दफा ५ को उपदफा (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट आपसी सहमतीमा एकजना व्यक्ति अध्यक्ष छनौट हुनेछ, यदि अध्यक्षको लागि सहमती हुन नसकेमा दफा ५ को (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट बहुमत प्रापत व्यक्ति अध्यक्ष छनौट हुनेछ ।

११. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौटका लागि हुने बैठकको अध्यक्षता दफा ५ को उपदफा (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले गर्नेछन् ।

१२. दफा (१०) बमोजिम अध्यक्ष वा सदस्य छनौट सहजीकरण गर्नका लागि शिक्षा अधिकृत वा शिक्षा शाखाले खटाएको प्रतिनिधिको संयोजकत्वमा प्रधानाध्यापक र गाउँ शिक्षा समितिको प्रतिनिधि रहेको ३ सदस्यीय छनौट सहयोग समिति गठन हुनेछ ।

१३. संस्थागत विद्यालय र सामुदायिक शैक्षिक गुठी विद्यालयको व्यवस्थापन समिति आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा १८ को दफा ५ बमोजिमको वि.व्य.स. गठनको सहजीकरण गर्न गाउँपालिका शिक्षा शाखा प्रमुख वा प्रतिनिधि र प्रधानाध्यापकको ३ सदस्यीय समिति रहने छ । उक्त समितिको संयोजक गाउँपालिका शिक्षा शाखा प्रमुख वा प्रतिनिधि हुनेछ ।

१४. शिक्षा ऐनको दफा १८ ले दिएको अधिकारका आधारमा विद्यालय व्यवस्थापन समितिको गठन गर्नका लागि अन्य कार्यविधि देहाय बमोजिम गर्नेछ ।

क) अभिभावकको पहिचान सहितको नामावली तयार गर्नेछ ।

ख) आवश्यक परे निर्माणका लागि अन्य कर्मचारीको व्यवस्थापन गर्नेछ ।

ग) शान्ति सुरक्षाको व्यवस्था मिलाउनेछ ।

घ) छनौट कार्यक्रम प्रकाशन गर्नेछ ।

ङ) छनौटको लागि यससँग सम्बन्धित आचारसंहिता तयार गर्नेछ ।

च) छनौटको लागि आवश्यक पर्ने सामग्रीको उचित व्यवस्थापन गर्नेछ ।

छ) छनौट कार्य हुने स्थानको निर्धारण गर्नेछ ।

ज) उम्मेदवारहरुबाट मनासीव किसिमको उम्मेदवारी दर्ता शुल्क लिन सक्नेछ ।

## परिच्छेद ४

**१५. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुका लागि योग्यता :**

१) अध्यक्ष पदका लागि मा.वि. तहको १० कक्षा सञ्चालित विद्यालयमा एस.ई.ई. उत्तीर्ण र कक्षा १२ सञ्चालित विद्यालयमा कक्षा १२ उत्तीर्ण र आधारभूत तहका लागि कम्तिमा एस.ई.ई. उत्तीर्ण गरेको शैक्षिक योग्यता हुनुपर्नेछ ।

तर तोकिएको शैक्षिक योग्यता भएका सदस्य उपलब्ध नभएको खण्डमा अनिवार्य हुनेछैन ।

२) अन्य सदस्यहरुका लागि कम्तिमा राम्ररी लेख्न र पढ्न सक्ने हुनुपर्ने छ ।

३) मगज नबिग्रेको ।

४) नैतिक पतन हुने गरी फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

५) २५ वर्ष उमेर पुरा भएको ।

६) नेपाली नागरिक र नागरिकता प्रमाण पत्र भएको ।

७) कुनै सरकारी वा अर्धसरकारी कार्यालयबाट पारिश्रमिक लिनेगरी नियुक्त कर्मचारी शिक्षक पद धारण नगरेको ।

८) प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको ।

९) आफ्ना छोराछोरी वा नातिनातिनाहरु विद्यालयमा नियमित हाजिर भएको ।

## परिच्छेद ५

**१६. राजीनामा स्वीकृत गर्ने अधिकारी :**

विद्यालय व्यवस्थापन समितिको सदस्यको राजीनामा अध्यक्षले र अध्यक्षको राजीनामा विद्यालय व्यवस्थापन समितिले स्वीकृत गर्नुपर्नेछ । अध्यक्ष ३ महिना भन्दा बढी समयसम्मको लागि जिम्मेवारी लिन नसक्ने भएमा र वि.व्य.स. को पदावधि १ वर्षभन्दा बढी भएमा निजको प्रतिनिधित्व जसरी भएको छ, सोही अनुरुप छनौट वा मनोनित गर्ने । लगातार ३ वटा भन्दा बढी बैठकमा बिना जानकारी अनुपस्थित हुने सदस्यहरुलाई समितिले स्पष्टिकरण सोध्न र सचेत गराउन सक्नेछ । सो पश्चात पनि लगातार ३ वटा बैठकमा अनुपस्थित भएमा स्वत पदाधिकार समाप्त हुनेछ ।

परिच्छेद-६

**१७. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने अवस्था**

- विद्यालय सम्पत्ति हिनामिना गरेमा
- विद्यालयको शैक्षिक वातावरण खलवल्याएमा
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नीति विपरित कार्य गरेमा
- विद्यालय व्यवस्थापन समितिले सन्तोषजनक रुपमा कार्य गर्न नसकेमा
- सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा
- गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको विघटन गर्न सक्नेछ ।

## परिच्छेद ६

**१८. विविध**

- विद्यालय व्यवस्थापन समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।
- आफ्नो कार्यकाल समाप्त भएपछि विद्यालय व्यवस्थापन समितिले कुनैपनि प्रकारका नीतिगत निर्णयहरु नगर्ने र त्यस्ता गरेका निर्णयहरु स्वत : वदर भएको मानिनेछन् तर भौतिक निर्माणको जिम्मेवारी, आफ्नो कार्यकालको बेरुजु फछ्र्यौट जस्ता अत्यावश्यक गर्नै पर्ने कार्यहरुको लागि यसले बाधा पुऱ्याउने छैन ।
- माध्यमिक तहमा छोराछोरी अध्ययन गर्दा गठन भएको विद्यालय व्यवस्थापन समितिको विद्यार्थी विद्यालयबाट एस.ई.ई. परीक्षा वा कक्षा १२ उत्तीर्ण गरिसकेपछि स्वत पदाधिकार समाप्त हुनेछ ।
- एक विद्यालयमा अध्यक्ष रहेको व्यक्ति अर्को विद्यालयमा वि.व्य.स. पदाधिकारी हुन चाहेमा उक्त विद्यालयबाट राजीनामा दिएपछि मात्र निज अर्को विद्यालयमा उम्मेदवार हुनसक्नेछ ।
- विद्यालय व्यवस्थापन समितिको लागि छनौट प्रक्रियामा सकेसम्म बहुमत अभिभावकहरुबाट सर्वसम्मतीबाट छनौट गर्ने तर सर्वसम्मत हुन नसकेको खण्डमा मतदान प्रक्रियाबाट भएपनि टुंगो लगाइनेछ ।
- आफूले गरेको कामको सम्बन्धमा विद्यालयका प्रधानाध्यापक विद्यालय व्यवस्थापन समितिप्रति र गाउँ शिक्षा शाखा प्रमुखप्रति, वि.व्य.स. सदस्यहरु वि.व्य.स. अध्यक्षप्रति र वि.व्य.स. अध्यक्ष गाउँकार्यपालिका प्रति जवाफदेही हुनेछन् ।

- संस्थागत विद्यालय र सामुदायिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुमा बालविकास र आधारभूत तहदेखि माध्यमिक तहसम्मको विद्यालयमा सञ्चालक संस्थापक कुनै अन्य विद्यालयको व्यवस्थापन समितिमा संलग्न पाउने छैन ।

## परिच्छेद ७

माथि उल्लेखित कार्यविधि आवश्यकतानुरुप संशोधन र खारेजी हुन सक्नेछ । यो कार्यविधिको कार्यान्वयन गर्नु सरोकारवाला सबैको कर्तव्य र जिम्मेवारी मानिनेछ । कार्यान्वयनको अनुगमन र कार्यान्वयन गर्दा देखिएका समस्या समाधान र आवश्यक निर्देशन गाउँ शिक्षा समिति मार्फत हुनेछ ।

आज्ञाले,
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत